## राष्ट्रिय आमसञ्चार विधेयक तर्जुमा गर्न तयार पारिएको अवधारणापत्र

१. **नयाँ ऐन बनाउनु पर्ने आवश्यकताः** विचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चार र सूचनाको हकलाई नेपालको संविधानले मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। सूचना प्रविधिको तीव्र विकास, डिजिटल तथा अनलाइन सञ्चार माध्यमको विस्तार, प्रसारण क्षेत्रको विविधिकरण भएको अवस्थालाई दृष्टिगत गरी आमसञ्चार क्षेत्रलाई स्वच्छ, स्वतन्त्र, पारदर्शी, मर्यादित र व्यावसायिक बनाई लोकतन्त्रको सुदृढीकरणको लागि आमसञ्चार क्षेत्रलाई एकीकृत, व्यवस्थित र उत्तरदायी बनाउनुको साथै श्रमजीवी पत्रकारहरुको हक, हित, सुविधा र सुरक्षाको समयानुकूल व्यवस्था गर्न आवश्यक भएको।

(क) **संवैधानिक कारणः**

नेपालको संविधानको धारा १७ मा विचार र अभिव्यक्तिको स्वतन्त्रता र धारा १९ मा सञ्चारको हक अन्तर्गत रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापाखाना वा अन्य सञ्चारमाध्यमको नियमन गर्न ऐन बनाउन सकिने व्यवस्था रहेको।

(ख) **अन्तर्राष्ट्रिय दायित्वः ×**

(ग) **सर्वोच्च अदालतको फैसलाः ×**

(घ) **सरकारी नीति तथा कार्यक्रमः** सूचना तथा सञ्चार प्रविधि नीति र राष्ट्रिय आमसञ्चार नीति, २०७३ लागु भई आमसञ्चार सम्बन्धी कानूनहरुको पुनरावलोकन गरी आमसञ्चार सम्बन्धी अन्तराष्ट्रिय मूल्य मान्यता अनुरुप सञ्चारमाध्यमहरुको स्थापना, सञ्चालन र विकासका निम्ति नयाँ कानून निर्माण गर्न आवश्यकता परेको।

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

लक्ष्मी कुमारी बस्नेत
सचिव

(ङ) **अन्य कुनै कारणः** आमसञ्चार माध्यमको अभिलेखिकरण, इजाजत, नियमन र संस्थागत विकास, टेलिभिजन सिग्नल र उत्पादन, वितरण सम्बन्धी अनुमति, नवीकरण, नियमन र प्राविधिक अनुगमन लगायतका विषयलाई व्यवस्थापन गरी आमसञ्चार क्षेत्रमा भएको विकासलाई सम्बोधन गर्न सक्ने नयाँ ऐन बनाउनु पर्ने भएको।

**२. नयाँ कानून बनाई कार्यान्वयन भए पश्चात हासिल गरिने उपलब्धीहरुः**

(क) आमसञ्चार सम्बन्धी एकीकृत कानून निर्माण हुने,

(ख) आमसञ्चार क्षेत्रको व्यावसायिकता र विश्वसनीयता अभिवृद्धि हुने,

(ग) प्रेस तथा अभिव्यक्तिको स्वतन्त्रताको संरक्षण हुने,

(घ) आमसञ्चार क्षेत्रको संस्थागत विकास र सुशासन प्रवर्द्धन हुने,

(ङ) अनलाइन सञ्चार माध्यमहरुको व्यवस्थापन र नियमन हुने,

(च) टेलिभिजन सिग्नल र केबुल वितरण व्यवस्थित हुने,

(छ) श्रमजीवी पत्रकारहरुको हक हितको संरक्षण हुने।

**३. प्रस्तावित विषयमा कुनै मौजुदा कानून भए त्यसको नामः**

(क) छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८

(ख) राष्ट्रिय प्रसारण ऐन, २०४९

(ग) श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१

**४. मौजुदा कानून संशोधन गरी सो उपलब्धि हासिल हुन नसक्ने भए सो को कारणः**

(क) आमसञ्चार क्षेत्रको एकीकृत छाता ऐनको निर्माण गर्नु पर्ने भएकोले,

(ख) समयानुकूल डिजिटल माध्यमबाट हुने प्रकाशन र प्रसारणलाई नियमन र व्यवस्थित गर्नु पर्ने भएकोले,

(ग) संघीयता अनुरुपको कानून निर्माण गर्नु पर्ने भएकोले,

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरवार, काठमाडौं

लक्ष्मी कुमारी बस्नेत
सचिव

(घ) सञ्चार माध्यमको व्यावसायिकता, पारदर्शीता र जवाफदेहितालाई थप सुदृढ गर्न आवश्यक भएकोले,

(ङ) अनलाइन सञ्चारमाध्यमको नियमनका लागि स्पष्ट कानूनी व्यवस्थाको अभाव रहेकोले,

(च) ओ.टि.टि. लगायत अन्य सञ्चार माध्यमहरुको नियमन र व्यवस्थापन गर्न आवश्यक भएकोले।

५. **प्रस्तावित विषयमा सरकारले कुनै विशेष नीति स्वीकृत गरेको भए उक्त नीति कुन विधि (Method) बाट तर्जुमा भएको होः** प्रस्तुत विषयमा सूचना तथा सञ्चार प्रविधि नीति र राष्ट्रिय आमसञ्चार नीति, २०७३ स्वीकृत भई लागु भएको र उक्त नीति तार्किक पद्धति (Rational Method) र मिश्रित पद्धति (Mixed Method) बाट तर्जुमा गरिएको।

६. **नीति निर्माणमा संलग्न पदाधिकारीः** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सूचना तथा सञ्चार मन्त्रालय र नेपाल सरकारका विभिन्न निकाय एवं पदाधिकारीहरु नीति निर्माणमा संलग्न रहेको।

७. **प्रस्तुत विषयमा अन्य मुलुकमा कुनै कानून बनाएको वा कुनै अन्तर्राष्ट्रिय संस्थाले नमूना कानून बनाएको भए त्यस्तो मुलुक र कानूनको नामः**

(क) भारत (Press and Registration of Periodicals Act, 2023),

(ख) अष्ट्रेलिया (Broadcasting Services Act, 1992)

(ग) बेलायत (Communications Act, 2003)

८. **प्रस्तावित विषयमा कुनै निकायबाट अध्ययन तथा अनुसन्धान भई कानून निर्माण सम्बन्धमा कुनै सुझाव दिएको भए त्यसको संक्षिप्त व्यहोराः** छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ र राष्ट्रिय प्रसारण ऐन, २०४९ र श्रमजीवी पत्रकार सम्बन्धी ऐन, २०५१

नेपाल सरकार सूचना तथा सञ्चार मन्त्रालय सिंहदरबार, काठमाडौं

लक्ष्मी कुमारी बस्नेत
सचिव

प्रतिस्थापित गरी राष्ट्रिय आमसञ्चार नीति, २०७३ कार्यान्वयन सुझाव समिति र यस मन्त्रालयबाट गठित आमसञ्चार क्षेत्र सुधार समितिबाट सुझाव र मसौदा पेश भएको ।

९. **प्रस्तावित कानून कार्यान्वयन गर्न आर्थिक व्ययभार पर्ने भएमा अनुमानित वार्षिक व्ययभारः** आर्थिक व्ययभार थप हुन सक्ने।

१०. **प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक पर्ने वा नपर्नेः** हाल भइरहेको सूचना तथा प्रसारण विभागबाट काम हुने भएकोले प्रस्तावित कानून कार्यान्वयन गर्न थप संरचना आवश्यक नपर्ने।

११. **प्रस्तावित कानून निर्माण गर्न कुनै निकायको परामर्श, सहमति लिनु पर्नेमा सो परामर्श वा सहमति प्राप्त भए वा नभएकोः** मस्यौदा तर्जुमाको क्रममा विभिन्न मन्त्रालय, निकाय एवं सरोकारवाला व्यक्ति तथा संस्थासँग राय परामर्श लिइने।

१२. **प्रस्तवित कानूनमा समावेश गर्न खोजिएको मुख्य विषयः**

(क) पत्रपत्रिका सम्बन्धी व्यवस्था,

(ख) अनलाइन सञ्चार माध्यम सम्बन्धी व्यवस्था,

(ग) प्रसारण र फ्रिक्वेन्सी सम्बन्धी व्यवस्था,

(घ) आमसञ्चार सम्बन्धी व्यवस्था,

(ङ) श्रमजीवी पत्रकारको सेवा, शर्त र सुविधा सम्बन्धी व्यवस्था,

(च) कसूर, सजाय र पुनरावेदन सम्बन्धी व्यवस्था,

(छ) पत्रकार कल्याण कोषको स्थापना सम्बन्धी व्यवस्था

(ज) अन्य विविध व्यवस्था।

लक्ष्मी कुमारी बस्नेत
सचिव

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार, काठमाडौं